# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, असार ३ गते २०३१ साल**

### सर्वोच्च अदालतको
### सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट देहायका अधिकृतहरूलाई बढीमा ३ महीनाको लागि निम्नलिखित अदालतको रिक्त अञ्चल न्यायाधीश पदमा मिति २०३१।२।११।६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

(१) पूर्वाञ्चल क्षेत्रीय अदालतका जगेडा का. मु. अञ्चल न्यायाधीश श्री उदयराज उपाध्यायलाई कोशी अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा ।

(२) धनकुटा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री अभयकान्त झालाई नारायणी अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा ।

(३) सिराहा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री प्रेमप्रसाद उपाध्यायलाई मध्यमाञ्चल क्षेत्रीय अदालत काठमाडौंको जगेडा अञ्चल न्यायाधीश पदमा ।

(४) सुनसरी जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री श्यामप्रसाद उपाध्यायलाई सेती अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

९८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट कानून तथा न्याय मन्त्रालयका उप-सचिव श्री केदारनाथ उपाध्यायलाई बढीमा ३ (तीन) महीनाको लागि बागमती अञ्चल अदालतको रिक्त अतिरिक्त अञ्चल न्यायाधीश (राजपत्राङ्कित प्रथम श्रेणी) पदमा मिति २०३१।२।९।४ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट पूर्वाञ्चल क्षेत्रीय अदालत धनकुटाका (जगेडा) जिल्ला न्यायाधीश श्री माधवराज थापालाई अर्को आदेश नभएसम्म धनकुटा जिल्ला अदालतको जिल्ला न्यायाधीश भई काम गर्न मिति २०३१।२।११।६ देखि खटाइएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट दोलखा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री चूडामणिप्रसाद अधिकारीलाई लुम्बिनी अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री ओमभक्त श्रेष्ठ बिदाबाट हाजिर नभएसम्म वा अर्को आदेश नभएसम्म सो लुम्बिनी अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा मिति २०३१।२।११।६ देखि का.मु. मुकरर गरिएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।